नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

प.सं.:
च.नं.:

☎ ९७७-१-४२११५१६
९७७-१-४२११५३१
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प्रेस विज्ञप्ति

मितिः २०८२/१२/१९

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्यसूचीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र मन्त्रालयको कार्य सम्पादनलाई नतिजामुखी, पारदर्शी एवं जवाफदेही बनाउन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०८२/१२/१९ को निर्णयानुसार देहाय बमोजिमका अध्ययन समितिहरू गठन गरिएको व्यहोरा जानकारी गराइन्छ।

१. नेपाल विद्युत प्राधिकरणबाट सम्पन्न भएका विद्युत खरिद सम्झौता (PPA) हरूको नीतिगत, प्राविधिक र आर्थिक पक्षको विस्तृत अध्ययन गर्न सहसचिव डा. राजन भट्टराईको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको छ। यस समितिले PPA को हालको अवस्थाको विश्लेषण गर्ने, PPA प्रक्रियामा भएका नीतिगत, प्राविधिक तथा कानुनी अड्चनको पहिचान, सम्भावित जोखिमको विश्लेषण तथा आवश्यक सुधारका लागि सिफारिस गर्नेछन्। साथै, भविष्यमा PPA प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धात्मक र राष्ट्रिय हितअनुकूल बनाउन नीतिगत तथा कानुनी सुधारका सुझावहरू समेत पेश गर्नेछन्।

२. विद्युत विकास विभागबाट जारी भएका विभिन्न अनुमतिपत्रहरूको वर्तमान अवस्था र प्रगतिको वस्तुनिष्ठ समीक्षा गर्न सहसचिव श्री मोहन शाक्यको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिएको छ। यस समितिले हालसम्म जारी भएका अनुमतिपत्रहरुको विश्लेषण गर्ने, अनुमतिपत्र जारी प्रक्रियामा भएका नीतिगत, प्राविधिक, आर्थिक तथा कानुनी कमजोरीहरूको पहिचान तथा आवश्यक सुधारका लागि सिफारिस गर्नेछन्। साथै, भविष्यमा अनुमतिपत्र जारी गर्ने प्रक्रिया थप पारदर्शी, प्रतिस्पर्धात्मक र राष्ट्रिय हितअनुकूल बनाउन नीतिगत तथा कानुनी सुधारका सुझावहरू समेत पेश गर्नेछन्।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता